आज मिति २०७९।१०।१७ गते रिडीकोट गाउँकार्यपालिकाको नियमित बैठक गाउँपालिकाका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षतामा बसी देहाय अनुसार निर्णय गरियो।

उपस्थिति

१. श्री नारायण बहादुर कार्की, गा.पा.अध्यक्ष
२. श्री कान्ता अधिकारी गा.पा. उपाध्यक्ष
३. श्री चिरञ्जीवी पोखरेल, वडा अध्यक्ष वडा नं.१
४. श्री ओम प्रसाद पोखरेल, " " " २
५. श्री नारायण बहादुर के.सी. " " " ३
६. श्री खोम बहादुर कार्की " " " ४
७. श्री मन बहादुर अधिकारी " " " ५
८. श्री प्रकाश रायमाझी " " " ६
९. श्री दान बहादुर कुँवर " " " ७
१०. श्री चुरा बहादुर इहरी मगर " " " ८
११. श्री मीना राना कार्यपालिका सदस्य
१२. श्री रञ्जना आचार्य " "
१३. श्री गोमा थापा " "
१४. श्री शर्मिला नेपाली " "
१५. श्री सुनिल बस्याल " "
१६. श्री गीता कौशल " "
१७. श्री पवन अर्याल सदस्य सचिव
१८. श्री रुकु लाल महराई, आमन्त्रित
१९. श्री विष्णु प्रसाद ढकाल, "

**प्रस्तावहरु :**

१. विभिन्न कार्यविधि सम्बन्धमा ।
२. योजना कार्यान्वयन सम्बन्धमा ।
३. साइट इन्चार्ज व्यवस्थापन गर्ने सम्बन्धमा ।
४. लक्षित बजेट कार्यान्वयन सम्बन्धमा ।
५. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

**प्रस्तावन नं. १. तपशिलका कार्यविधिहरु माथि छलफल गरी पारित गर्ने निर्णय गरियो ।**
क. आकस्मिक सडक मर्मत कार्यविधि, २०७९
ख. गाउँपालिका क्षेत्रभित्रको खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०७९
ग. एकिकृत कृषि तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्ताव नं. २. योजना कार्यान्वयन सम्बन्धमा ।**
निर्णय नं. २. योजना कार्यान्वयनका सम्बन्धमा गाउँपालिकाबाट विनियोजित बजेटबाट सम्पन्न गरिने खानेपानीसँग सम्बन्धित योजनाहरु उपभोक्ताले चाहेसम्म उपभोक्ता समितिबाट र उपभोक्ताले आफूले गर्न नसक्ने भनी निवेदन दिएमा खरिदका अन्य प्रक्रियाबाट सम्पन्न गर्ने ।

**प्रस्ताव नं. ३. साइट इन्चार्ज व्यवस्थापन गर्ने सम्बन्धमा ।**
निर्णय नं. ३. समपुरक अनुदानबाट संचालित योजनाको गुणस्तर कायम गर्न तत् तत् योजनाको कन्टिन्जेन्सी रकमबाट पारिश्रमिक दिने गरी साइट इन्चार्जको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४. लक्षित बजेट कार्यान्वयन सम्बन्धमा ।**
निर्णय नं. ४. महिला तर्फ विनियोजित बजेटलाई कार्यान्वयन गर्न यस अघि रु २० हजारका दरले वडामार्फत खर्च भइसकेकोले महिला लक्षित कार्यक्रम गर्न प्रत्येक वडालाई रु ८० हजार रुपैयाका दरले बजेट सम्बन्धित शीर्षकबाट दिने । लक्षित तर्फ विनियोजित बजेटलाई देहाय बमोजिम हुने गरी विभिन्न लक्षित समूहमा खर्च गर्ने

| | |
|---|---|
| क. जेष्ठ नागरिक | रु ४ लाख |
| ख. दलित | रु ३ लाख |
| ग. जनजाति | रु ३ लाख |
| घ. अपांग | रु ३ लाख |
| ङ. अति विपन्न | रु ३ लाख |
| च. बालबालिका | रु १ लाख |

५. झोलुङ्गे पुल माग गर्ने सम्बन्धमा ।
निर्णय नं. ५ : यस गाउँपालिका अन्तर्गत तपशिलका झोलुङ्गे पुलको आवश्यकता भएकोले आगामी आ.व.२०८०।०८१ मा झोलुङ्गे पुल निर्माण गर्न झोलुङ्गे पुलको विवरण सहित पूर्वाधार विभाग श्री महल, पुल्चोक, ललितपुरमा माग गरी पठाउने निर्णय गरियो ।

तपशिल
१. पतेरी देखि भवानी जोड्ने झोलुङ्गेपुल, जोगीथुम,
२. कुडुलेखोला झोलुङ्गेपुल,
३. सिरुखर्क देखि बाँझा जोड्ने झोलुङ्गेपुल,
४. करडगैरा देखि ढकुलडाँडा जोड्ने झोलुङ्गेपुल,
५. ढुङ्गेडाँडा देखि नरनथोक जोड्ने झोलुङ्गेपुल,
६. लोलेडे खोला झोलुङ्गेपुल,
७. भाडटारी झोलुङ्गेपुल,
८. वाडसुरुड अर्धवाडखोला झोलुङ्गेपुल,
९. त्रिवेणीखोला मैनादी झोलुङ्गेपुल,
१०. खोप्रिडखोला पालुङ्ग झोलुङ्गेपुल,
११. कडेनीघाट झोलुङ्गेपुल,
१२. एक्लेघाट झोलुङ्गेपुल,
१३. हले ओडार झोलुङ्गेपुल ।

**प्रस्ताव नं. ६. विविध सम्बन्धमा ।**
निर्णय नं. ६. क. रिब्दीकोट गाउँपालिका वडा नं. २ निवासी श्री नारायण नेपालको आफ्नो खोरमा २५ बाखा आकस्मिक रुपमा मरेकाले राहत उपलब्ध गराई पाउँ भनी दिएको निवेदन उपर छानबिन गर्दा निवेदनमा उल्लेख भए बमोजि म बाखा मरेको देखिएकाले कृषकको क्षति सम्बोधन गर्न प्रति बाखा रु/१००० का दरले रु. २५,०००।-कृषि पशुमा भएको क्षति सम्बोधन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६.ख. वडा नं. ६ का वडा अध्यक्ष श्री प्रकाश रायमाझीलाई रिब्दीकोट गाउँपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

निर्णय नं. ६.ग. मृगौला प्रत्यारोपण, डायलासिस, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधोपचार बापत खर्च त्रैमासिक रुपमा उपलब्ध गराउने । कार्यविधि अनुरुप पहिलो र दोश्रो त्रैमासिकमा ४१ जना बिरामीलाई मासिक रु ५ हजारका दरले रु ८,६०,०००।- भुक्तानी दिने साथै उक्त रकम शोधभर्नाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.घ. सूचना व्यवस्थापन र प्रवाहका लागि विभिन्न संचार माध्यमले हालसम्म पेश गरेका प्रस्तावमा सबै प्रस्तावकहरुको एक तिहाइ रकममा सम्झौता गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।